**कावासोती नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

कावासोती, नवलपरासी(ब.सु.पू.)

## कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि विपत व्यवस्थापन समितिको बैठकबाट भएका प्रस्ताव तथा निर्णयहरु विवरण

**मिति २०७७/१/८**

१. यस कावासोती नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट कोरोना भाइरस (COVID-19) संङ्क्रमण, नियन्त्रण तथा उपचारका लागि सहयोग पुर्याउन स्थापना गरेको विपद व्यवस्थापन कोषमा आजको मितिमा प्राप्त रकम तथा जिन्सी सामानहरुको विवरण निम्नानुसार रहेको भनि निर्णय पारित गरियो।

| क्र.स. | सहयोग पुर्याउनुहने संस्था/व्यक्तीको विवरण | रकम | जिन्सी | प्याकेज | कैफियत |
|---|---|---|---|---|---|
| १ | कोसेली महिला उपभोक्ता सहकारी संस्था लि. कावासोती २ | ५१०० | ० | ० | नगद |
| **आजको जम्मा** | | **५,१००।-** | ० | ० | |

२. विश्वव्यापी महामारीको रुपमा संसार भरि फैलिरहेको कोरोना भाइरस(COVID-19) को संक्रमण, नियन्त्रण तथा रोकथामको लागि नेपाल सरकारबाट जारि लकडाउनको समय थपिदै गैरहेको र नेपालमा पनि कोरोना संक्रमणको अवस्था दिनानुदिन वृद्धि भै रहेको हुनाले यस कावासोती नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न उद्योगकर्मी, व्यवसायी, पर्यटनकर्मी, होटल व्यवसायी, विभिन्न संघसंस्था, समाजसेवी व्यक्तीहरु संग यस विपत समयमा सहयोगका लागि आह्वान गर्ने निर्णय गरियो।

३. COVID-19 को संक्रमण तथा नियन्त्रणका लागि मानिसहरुको आवागमन हुने मुख्य प्रवेश नाकामा आधुनिक प्रविधिको १ वटा स्यानीटाइजीङ टनेल (SANITIZING TUNNEL) जडान (Install) गर्ने निर्णय गरियो ।

४. कावासोती नगरपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण वडाहरुमा लकडाउनको प्रभावकारिता, राहत वितरण अवस्था तथा कोरोना भाइरस नियन्त्रण तथा रोकथाम सम्बन्धि भए गरेका गतिविधिहरु निरिक्षण गर्ने निर्णय गरियो ।